# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ (संख्या ३) श्रावण १३ गते २०८३ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-१

## खानेपानी, सरसफाइ तथा स्वच्छता (पहिलो संशोधन) ऐन, २०८३

नगरसभाबाट स्वीकृत मिति :२०८३/०३/२९

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० (यस पछि मुल ऐन भनिएको) मा आवश्यक संशोधन गर्न बाञ्छनीय भएकोले,

चामुण्डाविन्द्रासैनी नगरपालिकाको मिति २०८३ साल असाड २९ गतेको नगरसभाको उन्नाइसौ अधिवेशनबाट स्वीकृत भई खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन (पहिलो संशोधन), २०८३ जारी गरिएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१) यस ऐनको नाम “खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन (पहिलो संशोधन), २०८३” रहेको छ।

(२) यो संशोधित ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

(३) यो ऐन चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

**“२. मुल ऐनको परिच्छेद १० को दफा ७९ यस अघि भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ।**

७९. **नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता बोर्ड :** (१) नगरपालिकामा देहाय बमोजिम एक खानेपानी, सरसफाइ तथा स्वच्छता बोर्ड रहनेछ :-

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उपप्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगरपालिकाका सबै वडा अध्यक्षहरु -सदस्य

(ङ) नगरपालिका भित्रका खानेपानी उपभोक्ता संस्थाहरु मध्यबाट नगर प्रमुखले मनोनित गरेका दुइ जना महिला सहित पाँच जना -सदस्य





(च) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव”

आज्ञाले

**ललितकुमार बस्नेत**

**प्रमुख प्रशासकीय अधिकृत**